PRESS RELEASE

नेपाल प्रहरी प्रधान कार्यालय

**मानव बेचबिखन अनुसन्धान व्युरो**

बबरमहल,काठमाण्डौ,

फोन ०१-५३३९५६९
०१-५३४११७७

## प्रेस विज्ञप्ति-३७

## " आर्थिक लाभ लिई नाबालिकाहरुलाई बेश्याबृतिमा लगाउने महिला पक्राउ "

जिल्ला काठमाण्डौ तारकेश्वर नगरपालिका वडा नं. ११ हिलेटोल स्थित पश्चिम युना खाजाघर सञ्चालन गरी उक्त खाजा घरमा नाबालिकाहरु समेतलाई ललाई फकाई विभिन्न किसिमको प्रलोभनमा पारी यौन गतिविधिमा लगाउने गरेको भन्ने सूचनाका आधारमा यस व्युरो बाट खटिएको प्रहरी टोलिले २(दुई) जना नाबालिका सहित ७(सात) जना युवतीहरुको उद्दार गरी उक्त कार्यमा संलग्न एक महिलालाई मिति २०८० चैत्र २७ गतेका दिन तारकेश्वर नगरपालिका वडा नं. ११ हिलेटोलबाट पक्राउ गरी मानव बेचबिखन तथा ओसारपसार मुद्दामा सम्मानित काठमाण्डौं जिल्ला अदालतबाट दिन ५ (पाँच) को म्याद थप अनुमति लिई आवश्यक अनुसन्धान कार्य भइरहेको ।

**पक्राउ परेकी अभियुक्त**

**नाम**:- मुनु गुरुङ्ग
**उमेर**:- २६ बर्ष
**स्थायी वतन**:- जिल्ला बर्दिया बाँसगढी नगरपालिका वडा नं ०१

**अस्थायी**:- जिल्ला काठमाण्डौ तारकेश्वर न.पा वडा नं.११ हिलेटोल बस्ने ।

**अभियुक्तको फोटो**



## अनुसन्धानबाट खुल्न आएका तथ्यहरु:-

- अभियुक्तले आर्थिक अवस्था कमजोर भएका, ग्रामीण भेगका कम पढे लेखेका नाबालिकाहरुलाई खाजा घरमा वेट्रेसको रुपमा काम लगाइदिने भनी बोलाउने गरेको,
- सुरुमा बालिकाहरुलाई वेटरको काममा लगाउने र केही समयपछि ललाई फकाई प्रलोभनमा पारी निज अभियुक्तले नै संचालन गर्ने पश्चिम युना खाजा घरमा राखि वेश्यावृत्तिमा लगाउने गरेको,
- नाबालिकाहरुलाई बिभिन्न प्रलोभनमा पारी धाकधम्की समेत दिई ग्राहकहरुसँग रकम लिई शारिरीक सम्पर्क राख्न लगाई सीमित रकम मात्र पीडित युवती तथा नाबालिकाहरूलाई दिई आर्थिक लाभ लिने गरेको,
- नाबालिकाहरुलाई ग्राहकहरुले बोलाएको अन्य गेष्ट हाउस तथा होटलहरुमा समेत जान बाध्य पारी बेश्याबृतिमा लगाउने गरेको खुल्न आएको,
- अभियुक्तद्धारा संचालित खाजा घरका कोठाहरु खानतलासी गर्दा परिवार नियोजनका अस्थायी साधन (कण्डम) समेत बरामद भएको,
- यस घटनामा संलग्न अन्य प्रतिवादीहरुको खोजतलास तथा अन्य थप अनुसन्धान कार्य भई रहेको।

**प्रवक्ता**
(ज्ञानेन्द्र प्रसाद फुयाल)
प्रहरी उपरीक्षक
सम्पर्क नं:- ९८५१२९२२०२

मितिः- २०८०।१२।२८ गते।